# न्यूजप्रवाह साप्ताहिक
Newsprabah weekly

स्थानीय 'ग' वर्गमा वर्गीकृत

❖ वर्ष ५ ❖ अंक ४३ ❖ २०८३ जेठ २० गते बुधबार ❖ Wednesday, 3 June, 2026 ❖ मूल्य रु. १०।- ❖ पृष्ठ ६ ❖ (Website : www.newsprabah.com)


# छोटो समयमा जनताको मन जितेका छौं – अध्यक्ष घिसिङ

## २५ जना उज्यालो नेपाल पार्टीमा प्रवेश

**- बबिलाल तामाङ**

भरतपुर। उज्यालो नेपाल पार्टीका अध्यक्ष कुलमान घिसिङले छोटो समयमा नै जनताको मन जित्न सफल भएको बताएका छन्।



भरतपुर-७ मा आयोजित चितवन जिल्ला स्तरीय अगुवा भेला परामर्श तथा भेटघाटमा चुनाव नजिते पनि जनताको मन लाई जित्न सकिएको बताएका हुन्।

श्रम संस्कृति पार्टी हारेर पनि जितेको पार्टी भएको बताउँदै अर्को पटक जित सुनिश्चित गर्ने उनको भनाइ थियो।

संघीय चुनावमा समय अभावले उपविजेता भएपनि २०८४ को स्थानीय चुनावका लागि सबैलाई एकजुट हुन उनको आग्रह थियो।

यसअघिको चुनावमा हामीसँग समय अभाव भएकोले जनताको घरघरमा पुग्न नसकेको र आगामी स्थानीय चुनावमा जनताको घरघरमा पुग्ने प्रतिबद्धता समेत उनले गरे।

'सधैँ प्रथम स्थान हासिल गर्ने पहिलो पटक हारेको छु' उनले भने, 'यो मेरो लागि सिकाई र शिक्षा दुबै हो'।

उनले पचासौं वर्ष अघि स्थापित भएको पार्टी समेत विस्थापित भएको उदाहरण दिँदै स्थानीय चुनावका लागि सबैलाई निरन्तर लाग्न आग्रह गरे।

आगामी निर्वाचनका लागि देशभर उज्यालो नेपालको उज्यालो संवाद लिएर जनताको माझ पुग्ने योजना रहेको उनले बताए।

२५ जनाले गरे प्रवेश

उज्यालो नेपाल पार्टीमा २५ जनाले पार्टी प्रवेश गरेका छन्।

चितवन जिल्ला स्तरीय अगुवा भेला परामर्श तथा भेटघाटमा उनीहरुले पार्टी प्रवेश गरेको कार्यक्रम संयोजक कृष्ण लामाले जानकारी दिए।

उज्यालो नेपाल पार्टीका अध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि कुलमान घिसिङले खादा र ब्याज वितरण गरेर उनीहरुलाई प्रवेश गराएका हुन्।

कार्यक्रममा डा चन्दन न्यौपाने, प्रविण बल, रुपेश भण्डारी, सादुराम ढकालगायतले मन्तव्य दिएका थिए। कार्यक्रमको सभापतित्व समीर केसीले गरेका हुन् भने कृष्ण लामाले स्वागत मन्तव्य दिए।

# महिला उद्यमीहरुलाई लक्षित रेनुको 'एक्वा जुम्बा'

**- बिना तामाङ**

नारायणगढ। चितवन डान्स सेन्टरको आयोजनामा एक्वा जुम्बा डान्स कार्यक्रम सम्पन्न गरिएको छ।

चितवनका महिला उद्यमीहरुलाई लक्षित गरी सोमबार सिदार्थ होटल न्यूरोडमा एक्वा जुम्बा डान्स कार्यक्रम गरिएको सेन्टरका नृत्य निर्देशक रेनु तामाङले जानकारी दिइन्।



मानिसहरुको व्यस्त लाइफ, मानसिक तनावलाई स्वस्थ जीवन तथा मनोरन्जनका लागि विगत एक दशकदेखि डान्स सेन्टरले एक्वा जुम्बा कार्यक्रम गर्दै आएको उनले बताइन्।

स्वीमिङ पुलको पानीमा रहेर म्यूजिक तालमा गरिने एक्वा जुम्बाले रक्त सञ्चार, श्वासप्रश्वास, स्कीन लगायत शरीरलाई स्वास्थ्य राख्न मद्दत गर्ने उनी बताउँछिन्।

हाल जिल्लाका विभिन्न ठाउँमा एक्वा जुम्बा कार्यक्रम हुँदै आएको भए पनि पहिलो पटक चितवन डान्स सेन्टरले नै कार्यक्रम ल्याएको उनले दावी गरिन्।

पछिल्लो समय चितवन डान्स सेन्टरले महिलाहरुलाई उत्प्रेरित गर्ने उद्देश्यले कार्यक्रम गर्दै आएको उनको भनाइ छ। उक्त कार्यक्रमको सहजीकरण प्रेन्सिडेन्सी कलेजले

(बाँकी ५ पेजमा)

# हुलाक अब राहदानी लिएर अब घरघरमा

भरतपुर। जिल्ला प्रशासन कार्यालय चितवनबाट राहदानी प्राप्त गर्न चाहने सेवाग्राहीले ५५ रुपैयाँको हुलाक टिकट खरिद गरेकालाई जिल्ला हुलाक कार्यालय चितवनले घरघरमा राहदानी पुऱ्याउन सुरू गरेको छ।



हाल दैनिक २० देखि ३० थान राहदानी घरघरमा पुऱ्याउने थालिएको जिल्ला हुलाक कार्यालय चितवनका कार्यालय प्रमुख शालिकराम बस्यालले जानकारी दिए।


पहिले चिठीपत्र पुऱ्याउने कार्यमा सीमित हुलाक सेवा अहिले पार्सल, इसएमएसल तथा राहादनीलगायत सेवा घरघरमा पुऱ्याउनमा लागिपरेको छ। सरकारले जारी गरेको प्रशासनिक सुधारसम्बन्धी १०० बुँदे कार्ययोजना

(बाँकी ५ पेजमा)

# घेदुङ बागमती प्रदेशका मोहन स्याङ्बोलाई पितृशोक

भरतपुर। नेपाल तामाङ घेदुङ बागमती प्रदेशका सचिवालय सदस्य मोहन स्याङ्बो तामाङलाई पितृशोक परेको छ।

स्याङ्बोका बुबा देवलाल स्याङ्बो तामाङको ८० वर्षको उमेरमा चितवन मेडिकल कलेजमा उपचारको क्रममा निधन भएको हो।



स्व. देवलालको केही दिन अघि मात्र सोही मेडिकल कलेजमा पेटको अल्सरको शल्यक्रिया गरिएको थियो।

नेपाल तामाङ घेदुङ जिल्ला समन्वय समिति चितवनका पूर्व अध्यक्ष समेत रहेका स्याङ्बोका एक श्रीमती, एक छोरा र एक छोरी छन्। उनी सहित तीन दाजुभाइ तथा दुई बहिनी छन्।

स्थायी घर सिरहा जिल्ला धनगढी माई नगरपालिका वडा नं. ९ निवासी स्व. देवलालको तामाङ परम्परा र संस्कृति अनुसार अन्त्येष्टि गरिएको परिवार स्रोतले जनाएको छ।

विगत तीनदशक बढीदेखि सञ्चालित प्रेरणा सेकेन्डरी इङलिस बोर्डिङ स्कुल भरतपुर ११ का स्याङ्बो प्राचार्य पनि हुन् भने शिक्षा क्षेत्रमा उनको महत्वपूर्ण योगदान रहँदै आएको छ।





## सेवाग्राहीमैत्री सेवा, सुशासनको आधार

- ❖ सेवाग्राहीसँग नम्र, शिष्ट र सम्मानजनक व्यवहार गरौं,
- ❖ सेवा प्रक्रियालाई सरल, छिटो र पारदर्शी बनाऔं,
- ❖ अनावश्यक ढिलाइ र झन्झटबाट मुक्त सेवा प्रवाह गरौं,
- ❖ सूचनाको हक सुनिश्चित गरौं,
- ❖ भ्रष्टाचार र अनियमितता पूर्ण रुपमा निषेध गरौं,
- ❖ गुनासो व्यवस्थापन प्रणालीलाई प्रभावकारी बनाऔं,
- ❖ प्रविधिमैत्री सेवा विस्तार गरौं,
- ❖ जवाफदेही र परिणाममुखी कार्यशैली विकास गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

न्यूजप्रवाह
Newsprabah weekly साप्ताहिक

प्रकाशक : बि. एण्ड बि. मिडिया नेटवर्क प्रा.लि.
प्रधान सम्पादक : बबिलाल तामाङ
सम्पादक : मेकना तामाङ
प्रधान कार्यालय : भरतपुर–१६, चितवन
फोन : ९८४५०६७४१४
इमेल : newsprabah@gmail.com
शाखा कार्यालय : गैंडाकोट, शिव अधिकारी मो. ९८४५२०५९२०
शाखा कार्यालय : मुग्लिन, रोहिणी त्रिपाठी मो. ९८४५८०६२९४
मुद्रक : बहुमुखी छापाखाना, भरतपुर–३, प्रेसमार्ग


## सम्पादकीय

# सीमा विवाद र जिम्मेवार नेतृत्व

नेपाल-भारत सम्बन्धमा सीमा विवाद सधैँ संवेदनशील विषय रहँदै आएको छ। विशेषतः लिम्पियाधुरा, लिपुलेक र कालापानी क्षेत्रलाई लिएर दशकौँदेखि विवाद जारी छ। संसद्ले सर्वसम्मतरूपमा नयाँ नक्सा पारित गरेपछि पछिल्लो समय यो मुद्दा भू-राजनीतिक प्रश्न मात्र नभई राष्ट्रिय अस्मिता र सार्वभौमिकताको प्रतीकका रूपमा स्थापित भएको छ। यसैले यस विषयमा हुने प्रत्येक अभिव्यक्ति स्वतः राष्ट्रिय हितसँग गाँसिएको हुन्छ। हालै प्रधानमन्त्री बालेन साहले संसद्मा 'नेपालले पनि भारतको भूभाग मिचेको रहेछ' भन्ने अभिव्यक्तिले यस संवेदनशील मुद्दालाई पुनः सतहमा ल्याएको छ। सीमाजस्तो अत्यन्तै संवेदनशील विषयमा प्रधानमन्त्रीले यति हल्कारूपमा अभिव्यक्ति दिँदा अहिले राजनीतिक वृत्तदेखि आमनागरिकसम्म बहस चर्किएको छ। यस्तो टिप्पणी सामान्य प्रशासनिक भनाइ मात्र होइन, राष्ट्रिय सीमा र भूभागसँग सम्बन्धित विषय भएकाले यसको राजनीतिक र कूटनीतिक प्रभाव गहिरो हुन्छ। संसद्जस्तो सर्वोच्च राजनीतिक मञ्चबाट आएको अभिव्यक्ति झनै गम्भीर मानिन्छ।

नेपालले विगतदेखि नै ऐतिहासिक नक्सा, सन्धि र प्रमाणका आधारमा लिम्पियाधुरा, लिपुलेक र कालापानी आफ्नो भूमि भएको दाबी गर्दै आएको छ। संसद्ले पारित गरेको नक्सा र संविधान संशोधनले पनि यही अडानलाई संस्थागत गरेको छ। यस्तो अवस्थामा प्रधानमन्त्रीको भनाइले नेपालकै स्थापित धारणा कमजोर पार्ने जोखिम देखिएको छ। यदि सीमा निर्धारणमा कुनै प्राविधिक वा ऐतिहासिक जटिलता छन् भने त्यसलाई प्राविधिक समिति वा कूटनीतिक संयन्त्रमार्फत अध्ययन र छलफल गर्न सकिन्छ। तर, पर्याप्त तथ्य सार्वजनिक नगरी संसद्बाटै नेपालले भारतको भूमि मिचेको दाबी गर्नु अपरिपक्व र असाधारण अभिव्यक्ति ठहरिन्छ। प्रधानमन्त्रीको नियत सीमा विवादको जटिलता र संवादको आवश्यकता औँल्याउने रहेको भए पनि सार्वजनिक अभिव्यक्तिको प्रभाव नियतले मात्र होइन, त्यसले दिने राजनीतिक सन्देशले पनि निर्धारण गर्छ। यसै कारण उनको भनाइलाई लिएर विभिन्न कोणबाट आलोचना भइरहेको छ। सरकार प्रमुखबाट आउने प्रत्येक शब्दले राष्ट्रिय नीति र राज्यको आधिकारिक धारणा प्रतिविम्बित गर्ने भएकाले यस्ता विषयमा थप सावधानी अपनाउनु उचित हुन्छ।

सीमा विवाद कुनै दल वा सरकारको मात्र विषय होइन, यो सम्पूर्ण राष्ट्रको साझा चासो हो। त्यसैले यसमा राजनीतिक लाभ-हानिभन्दा माथि उठेर राष्ट्रिय सहमति, तथ्यमा आधारित बहस र जिम्मेवार अभिव्यक्ति आवश्यक हुन्छ। नेपालले आफ्नो दाबीलाई अन्तर्राष्ट्रिय कानुन, ऐतिहासिक प्रमाण र कूटनीतिक संवादका आधारमा बलियो बनाउनुपर्छ। त्यसका लागि सरकारको भूमिका स्पष्ट, सन्तुलित र विश्वासिलो हुनुपर्छ। आजको आवश्यकता भावनात्मक उत्तेजना होइन, तथ्यमा आधारित राष्ट्रिय अडान हो। भारतसँगको सीमा विवाद समाधानका लागि संवाद अपरिहार्य छ। तर, संवादको आधार राष्ट्रिय हित र स्पष्ट कूटनीतिक रणनीति हुनुपर्छ। प्रधानमन्त्रीलगायत राज्यका जिम्मेवार पदाधिकारीहरूले सार्वजनिकरूपमा व्यक्त गर्ने धारणा भ्रमरहित, सन्तुलित र राष्ट्रिय स्वार्थसँग मेल खाने हुनुपर्छ। अन्यथा एक वाक्यले वर्षौंको कूटनीतिक प्रयासमाथि अनावश्यक प्रश्न उठाउने खतरा रहन्छ। सीमा विवाद समाधानको प्रयास स्वाभाविक छ। तर, त्यस प्रक्रियामा राष्ट्रिय अस्मिता र जनभावनाप्रति उच्च संवेदनशीलता प्रदर्शन गर्नु सरकारको पहिलो दायित्व हो। यतिखेर राष्ट्रको हितलाई प्राथमिकता दिने जिम्मेवार नेतृत्व अपरिहार्य देखिन्छ।

## दृष्टिकोण

# गणतन्त्रात्मक शासन प्रणाली र निजामती सेवा

लोकतान्त्रिक अधिकारहरूको पूर्ण उपभोग गर्न नागरिकहरू बढी आकर्षित हुन्छन्। राजनीतिक प्रणालीको विकासक्रम अध्ययन गर्दा निरङ्कुश राजतन्त्रले नै विश्वका प्रायः सबै देशहरुमा प्रारम्भका दिनहरूमा एकछत्र शासन गरेको अवस्था थियो। तत्पश्चात् नागरिकहरूले लोकतान्त्रिक अधिकारहरु क्रमशः प्राप्त गर्दै गएको अवस्था हो।

आधुनिक समाजको आकर्षण लोकतन्त्रप्रति छ। जनताको सर्वोच्चतालाई स्वीकार गर्दै शासन प्रणालीमा समयसापेक्ष परिवर्तन हुँदै आएको छ। सार्वभौम जनता नै सबै प्रकारका शक्तिको स्रोत हुन्छन्। गणतान्त्रिक शासन प्रणालीले यथार्थमा लोकतन्त्रको संरचनागत विकास गर्न सक्दछ।

आमनागरिकहरूको शासन प्रणालीमा प्रत्यक्ष सहभागिताको सुनिश्चित गणतान्त्रिक शासन प्रणालीले गर्दछ, गर्नु पनि पर्दछ। एक व्यक्तिमा निहीत रहेको शासन र जनताको सहमति र निर्णयको परीक्षण नै नगरी वंशानुगत शासन प्रणाली राजतन्त्रमा सुदृढ भएको हुन्छ।

राजतन्त्रात्मक शासन प्रणालीमा नागरिकहरूले शासनलाई मार्गदर्शन प्रदान गर्न सक्दैनन्। गणतन्त्रमा शासकहरूको प्रत्यक्ष जवाफदेहिता नागरिकप्रति रहन्छ। शासन प्रणाली जनताबाट निर्देशित हुने भएकाले गणतन्त्रमा उत्तरदायी शासन व्यवस्थाको सञ्चालन सम्भव भएको हो। त्यसैले लोकतन्त्रबाट अत्याधिक प्रतिफल र उपलब्धि हासिल गर्न नागरिकहरू गणतान्त्रिक शासन प्रणालीप्रति गोलबद्ध हुन पुग्दछन्। यस अर्थमा गणतन्त्र नागरिकहरूको जीवनरेखा नै मानिएको छ।

वंशानुगत शासन प्रणालीलाई विस्थापित गर्ने क्रममा जनप्रतिनिधिद्वारा सर्वोच्च पदमा आसिन गराई आफ्नै प्रतिनिधिमार्फत शासित हुने व्यवस्था नै गणतन्त्र हो। सबै नागरिकहरुलाई समान अधिकारहरूको प्रत्याभूति गणतन्त्रले गर्दछ। यसमा नागरिकहरूको आत्मसम्मान, प्रतिष्ठा, सहभागितालाई सर्वोपरि प्राथमिकतामा राखिन्छ।

शासन प्रणाली वंशानुगत रूपमा सञ्चालन भई एक व्यक्तिले समग्र राष्ट्रलाई नै आफ्नै इच्छाअनुसार सञ्चालन गर्ने शासकीय प्रक्रियाबाट उन्मुक्ति प्राप्त गर्न गणतन्त्रबाट मात्र सम्भव हुन्छ। लोकतन्त्रको सिद्धान्त, मूल्य, मान्यतालाई व्यवहारमा परिणत गरी सच्चा लोकतन्त्रको अनुभूति गराउने व्यवस्थाको अर्को नाम गणतन्त्र हो। वंशानुगत शासन प्रणालीमा आम नागरिकहरूको आवाज कुण्ठित हुन सक्दछ।

गणतन्त्रमा संविधान नै शासन सञ्चालनको मूल आधार हुन्छ। सबै नागरिकहरूले आफ्ना मौलिक हकहरूको उपभोग निर्वाधरुपमा गर्न सक्दछन्। शासन प्रणालीमा नागरिकहरूले स्वामित्व ग्रहण गर्ने वातावरण तयार हुन्छ। राज्य र जनताका बीचको सम्बन्ध अत्यन्त सौहार्दपूर्ण हुन्छ। सबै वर्गको प्रतिनिधित्व सुनिश्चित गर्न समावेशीकरणको सिद्धान्तलाई अवलम्बन गरिएको हुन्छ।

नेपाल बहुजातीय, बहुसांस्कृतिक देश भएकाले विविधताका बीच एकताका पक्षमा शासन केन्द्रित गर्न पनि गणतन्त्र जरुरी हुन्छ। आफ्ना आवश्यकताहरूको पहिचानगरी सोही अनुसारका नीति निर्माण गर्न, योजना बनाउन र कार्यक्रम तयार गर्ने सम्बन्धमा योगदान दिन नागरिकहरू गणतन्त्रिक लोकतन्त्रमा मात्र सक्षम हुन्छन्।

नेपालमा लामो लोकतान्त्रिक सङ्घर्षपश्चात् २०६५ जेठ १५ गते गणतन्त्र प्राप्त भएको हो। यस दिनलाई हर्षोल्लासका साथ राष्ट्रिय पर्वकै रूपमा मनाइन्छ। नेपालमा यो उत्कृष्ट लोकतान्त्रिक शासन प्रणाली प्राप्त गर्नका लागि धेरै लामो समयदेखि नेपाली नागरिकहरु सङ्घर्षशील रहेका हुन्। लोकतान्त्रिक गणतन्त्र प्राप्तिको आन्दोलनमा धेरै सपुतहरुले आफूलाई बलिवेदीमा चढाइ लोकतन्त्रको प्रतिफल नेपालीहरूलाई प्रदान गर्न सफल भएका हुन्।

यो राजनीतिक उपलब्धि प्राप्त गर्नका लागि नागरिक समाज, राजनीतिक दलहरु हुँदै सचेत नेपाली नागरिकहरूको ऐक्यबद्धताले निरन्तरता दिँदा सम्भव बनाएको हो। नेपालको राजनीतिक घटनाक्रमहरूको सिंहावलोकन गर्नुपर्दा २००४ सालदेखि २०१५, २०१९, २०३६ र २०६३ सालसम्मको नागरिकहरूको भगिरथ प्रयासलाई स्मरण गर्नुपर्दछ। राजनीतिक दलहरूको एक दलले सन् १९८६ देखि २००६ सम्म देशमा ठूलो द्वन्द्व र आतङ्कको अवस्था सिर्जना गरेको यथार्थता हामीहरूको स्मरणमा छ।

जुनसुकै बादलमा पनि चाँदीको घेरा हुन्छ भनेजस्तै एउटा महत्वपूर्ण गन्तव्यका रुपमा देशलाई लोकतान्त्रिक गणतन्त्रमा परिणत गर्ने दृढता त्यसबखतका द्वन्द्वरत पक्षहरूमा देखिएको थियो। नेपालको २४० वर्ष पुरानो निरंकुश राजतन्त्रात्मक शासन प्रणालीलाई परिवर्तन गरेर गरिबीको अवस्था र अन्यायपूर्ण शासन प्रणालीबाट उन्मुक्ति खोज्ने निरन्तर प्रयास नेपाली नागरिकहरूले गरेका हुन्।

राजतन्त्रात्मक शासन प्रणालीलाई विश्वमै क्रमशः अस्वीकार्य शासनका रुपमा लिँदै गरेको पाउँदाका कारण पनि नेपाली नागरिकहरू संघर्षरत रहेका हुन्। यिनै प्रयासहरुको परिणाम नेपालीहरुले २०६५ सालमा लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली प्राप्त गरेका हुन्।

गणतन्त्रको उपादेयता

नेपाली नागरिकहरू २४० वर्षसम्मको निर्वाध रुपमा अभिव्यक्तिको स्वतन्त्रताको उपभोग गर्न नपाएको तिक्तता र आक्रोशका कारण गणतन्त्रप्रति आकर्षित हुँदैगएका थिए। राजतन्त्रात्मक शासन प्रणालीका शासकहरूका विरुद्ध आन्दोलन गर्न सक्ने हैसियतमा नागरिकहरू प्रारम्भका समयमा थिएनन्।

विश्व परिवेशमा आएको परिवर्तनका कारण नेपालीहरू पनि सचेत हुँदै गएका हुन्। गणतन्त्र प्राप्त भएपश्चात् जनताले आमनिर्वाचनबाट आफ्ना प्रतिनिधिहरु निर्वाचित गरी लोकतान्त्रिक शासनमार्फत शासित हुने सौभाग्य प्राप्त गरेका छन्।

यो स्वतन्त्रतासम्बन्धी अधिकारको प्रयोग गर्न पाएकै कारण गणतन्त्रको उपादेयता देखिएको हो। देशका दूरदराजदेखि उन्नत सहरी क्षेत्रमा बसोबास गरी आएका सम्पूर्ण नागरिकमा विविधताका बीच लोकतान्त्रिक अधिकारको सदुपयोग गर्दै राष्ट्र, राष्ट्रियता र लोकतन्त्रको पक्षमा एकताबद्ध हुने वातावरण गणतन्त्रले बनाइदिएको हो।

खासगरी नेपाली युवाहरुमा राजनीतिक चेतना र जागरण ल्याउन यस प्रणालीबाट सम्भव हुन्छ। प्रतिवर्ष मनाइने गणतन्त्र दिवसले यसका लागि उपयुक्त मञ्च तयार पारिदिन्छ। विशेषगरी युवाहरूले राजनीतिक चिन्तन, मनन एवं विश्लेषण गर्ने गराउने अवसर प्राप्त गर्दछन्। राजनीतिक इतिहास, लोकतान्त्रिक शासन प्रक्रिया, नागरिकहरूको राष्ट्रप्रतिको कर्तव्य जस्ता महत्त्वपूर्ण विषयहरुमा सुसुचित हुने अवसर यस्ता राष्ट्रिय पर्वबाट युवाहरुले प्राप्त गर्दछन्।

अग्रजहरूले गणतन्त्र र लोकतन्त्र प्राप्तिका लागि गरेका सङ्घर्ष र योगदानको बारेमा जानकारी प्राप्त गर्दछन्। लोकतान्त्रिक गणतन्त्रको उपादेयता र महत्त्वको बारेमा सुसुचित हुने अवस्था बन्दछ। मताधिकारको प्रयोग गर्दै निर्वाचित प्रतिनिधिहरूलाई आम नागरिकहरूप्रति जवाफदेही बनाउने प्रण गर्ने दिनका रुपमा गणतन्त्र दिवसलाई लिइन्छ। संविधानमा रहेका लोकतान्त्रिक प्रावधानहरूको व्यवहारमा उपयोग गर्नका लागि आफ्ना प्रतिनिधिहरुलाई निर्देशित गर्ने हैसियत नागरिकहरुले प्राप्त गर्दछन्।

जनप्रतिनिधिहरू समेत आफ्ना मतदाताहरूबाट प्राप्त मार्गदर्शन र निर्देशनका आधारमा लोकतान्त्रिक प्रणालीलाई आत्मसाथ गर्दै अघि बढ्ने प्रक्रियामा अभ्यस्त हुन्छन्। न्याय र स्वच्छ व्यवहारको प्राप्ति गणतान्त्रिक लोकतन्त्रमै हुन्छ। नागरिकहरूले सम्मान पाउने व्यवस्था पनि यही हो। भयरहित वातावरणमा जीवन निर्वाह गर्न लोकतान्त्रिक सिद्धान्त मूल्य र मान्यतामा अडिग रहन यस प्रणालीले मार्गप्रशस्त गर्दछ।

गणतन्त्रत्मक लोकतान्त्रिक शासन प्रणाली सर्वोत्कृष्ट लोकतान्त्रिक प्रणाली भएकाले नेपालमा गणतन्त्र प्राप्ति भएकोमा विश्वका प्रायः सबै लोकतान्त्रिक देशहरुले नेपालको यस उपलब्धिलाई समर्थन गरेका छन्।

नेपाली जनताको इच्छा र आकांक्षाका कारण नेपालमा गणतन्त्र प्राप्त भएकाले यस्तो शासन प्रणाली स्थापना भएको अवसरलाई संयुक्त राष्ट्रसङ्घले समर्थन र स्वागत गरेको छ। विश्वभर नै आफ्नो पहिचान लोकतान्त्रिक गणतन्त्रात्मक देशका नाताले बनाउन सफल भएकै कारण अन्तरराष्ट्रियस्तरमा नेपालको स्वीकार्यता बढ्दै गएको छ। दुईपक्षीय र बहुपक्षीय सम्बन्धहरू समेतमा विस्तार हुँदै आएको छ। यो गणतान्त्रिक लोकतान्त्रिक शासन प्रणाली कै कारण सम्भव भएको हो।

गणतन्त्रमा निजामती सेवा

व्यवस्थामा जनता सदैव शासन सत्ताको केन्द्रमा रहन्छन्। जनताको चाहना, इच्छा र आवश्यकताको पहिचान गर्दै नागरिकहरूको पूर्ण सम्मानका साथ शासन सञ्चालन यस प्रणालीमा गरिन्छ। यस्तो लोकतान्त्रिक शासन स्थायी संयन्त्र वा स्थायी सरकारको रुपमा अस्तित्वमा रहेको हुन्छ।

यस महत्वपूर्ण संयन्त्रलाई प्रभावकारी रुपमा परिचालन गर्न सक्दा मात्र जनता समक्ष लोकतान्त्रिक सरकारले विश्वास आर्जन गर्न सक्दछ। सक्षम निष्पक्ष र उत्तरदायी निजामती प्रशासन लोकतान्त्रिक गणतन्त्रमा अपरिहार्य मानिन्छ। राष्ट्रसेवक निजामती कर्मचारीहरूले प्राप्त गर्ने अधिकारहरू लगायतका सुरक्षाको व्यवस्था गर्न गणतान्त्रिक सरकारसक्षम हुनुपर्दछ। यस परि स्थितिमा मात्र निजामती सेवाबाट अपेक्षित उपलब्धिहरु प्राप्त हुन सक्छन्।

निजामती सेवाका राष्ट्रसेवकहरूबाट नागरिकहरूले सरल तरिकाले पारदर्शिताका आधारमा गुणस्तरीय प्रभावकारी सेवा उपलब्ध हुनुपर्ने अपेक्षा गरिराखेका हुन्छन्। यस प्रकारको व्यवस्थामा जनता नै वास्तवमा मालिक हुने भएकाले निजामती संयन्त्र सेवाग्राही जनताप्रति उत्तरदायी र जवाफदेही बन्नुपर्दछ।

कानुनी शासनका आधारमा प्रशासन सञ्चालन हुनुपर्दछ। भ्रष्टाचार नियन्त्रण गर्दै सुशासन कायम गर्नमा निजामती संयन्त्र प्रभावकारी सिद्ध हुनुपर्छ। यस प्रकारको प्रभाव नागरिकहरूमा पर्दा मात्र राज्यप्रति आम नागरिकहरूले विश्वास प्रकट गर्दै स्वामित्व ग्रहण गर्दछन्। विकास र समृद्धिका संवाहकहरु पनि निजामती कर्मचारीहरु बन्न सक्नु पर्दछ।

नीति निर्माताहरूलाई यस सेवाका नेतृत्व तहमा रहनेहरूले आफ्नो क्षमता र योग्यताको आधारमा इमान्दारितापूर्वक सहयोग गर्नु पर्दछ। सरकारका नीति योजना तथा कार्यक्रमहरू तर्जुमाको अवस्थामा विशेषज्ञको रुपमा सहयोग पुर्याई कार्यान्वयन चरणमा प्रत्यक्ष संलग्नता यस्ता संयन्त्रबाट राज्यले अपेक्षा गरिराखेको हुन्छ।

देशका सबै प्रकारका जात, जाति, वर्ग, भाषा, क्षेत्र, समुदायको राज्यका क्रियाकलापहरूमा समान र अर्थपूर्ण सहभागिता प्रदर्शन गराउन संयन्त्र सफल हुनुपर्दछ। सामाजिक न्याय र समावेशताको गन्तव्य प्राप्तगर्न क्रियाशीलता दिन सक्नुपर्दछ। संविधान लगायतका देशका कानुनहरूको निष्पक्ष र प्रभावकारी कार्यान्वयन गर्दै नागरिक अधिकारको संरक्षण व्यवहारिक रुपमा नै गर्न इमान्दारितापूर्वक कार्य सम्पादन हुनु पर्दछ।

नागरिकहरूको सहभागिताको गुणस्तरीय र अर्थपूर्ण प्रवर्द्धनको वातावरण तयार हुनु अत्यावश्यक मानिन्छ। नागरिकहरूका बीचको सद्भाव कायम गर्दै राष्ट्रिय एकताका पक्षमा सकारात्मक परिणामका लागि निजामती कर्मचारीहरूको इमान्दार प्रयास हुनुपर्दछ। यस परिस्थितिमा मात्र गणतान्त्रिक व्यवस्थाको प्रवर्द्धनको महसुस आम नागरिकहरुले गर्न सक्छन्।

निजामती कर्मचारी संयन्त्रलाई सरकारले उनीहरूको मनोबल उच्च बनाई सक्षमताको विकास गर्नुपर्दछ। यसका लागि राष्ट्रसेवक कर्मचारीहरूले राज्यबाट प्राप्त गर्ने अधिकारहरू लोकतान्त्रिक गणतन्त्रले सबै प्रकारका संवैधानिक कानुनी तथा पेशागत अधिकारहरु प्रदान गरी पूर्णरुपमा सुरक्षा प्रदान गर्नु पर्दछ।

यी अधिकारहरुमा योग्यताका आधारमा सबै नेपालीहरुलाई निजामती सेवामा प्रवेशगर्ने समान अवसर प्राप्तगर्ने प्रावधान र इमान्दारिताका साथ व्यवहारमा परिणत गरिदिनुपर्दछ। कुनै पनि आधारमा भेदभाव गरिनु हुँदैन। संरचनामा सेवाको सुरक्षाको प्रत्याभूति गरिदा राजनीतिक उथलपुथलको परिणामका कारण उनीहरूको सेवा सम्बन्धी सुरक्षामा कुनै पनि प्रकारको चुनौतीको अवस्था बन्न दिनु हुँदैन। वृत्ति विकासका लागि न्यायोचित निष्पक्ष अवसर प्रदान गर्नु जरुरी हुन्छ।

यसबाट सुयोग्य र दक्ष जनशक्तिको विकास सम्भव हुन्छ। पेसागत हकहितका प्रवर्द्धन गर्नका लागि सरकार सदैव तत्पर रहनुपर्दछ। तर यो अधिकारका नाममा दलीय प्रभाव निजामती सेवामा ग्राह्य हुँदैन। कार्य वातावरणको सुरक्षा प्रदान गरी सम्मानपूर्वक आफ्ना कर्तव्यप्रति गम्भीर बन्न संयन्त्रलाई मार्गप्रशस्त हुनु पर्दछ, गर्नुपर्दछ।

पेशाप्रतिको मर्यादा कर्तव्यपालनका सन्दर्भमा गरिने न्यायोचित व्यवस्थाका साथै यही प्रकारका नागरिकहरूका हक अधिकारहरूले निजामती संयन्त्र सुसज्जित हुँदा मात्र यो संयन्त्रले उच्च मनोबलका साथ कर्तव्य निर्वाह गर्न सक्दछ।

निजामती राष्ट्रसेवकका अधिकारहरू र उनीहरूले सम्पादन गर्ने कर्तव्यहरूका आधारमा सौहार्दपूर्ण अवस्था निर्माण गर्नसक्ने सक्षम निजामती संयन्त्रले गतिशीलता प्रदान गर्दै लोकतान्त्रिक गणतन्त्रप्रति आस्था राख्ने नागरिकहरुको वृद्धि हुँदा र गणतन्त्रलाई सम्मानित र स्वीकार्य बनाउन यो संयन्त्रले कोशेढुङ्गाका रुपमा भूमिका निर्वाह गर्न सक्नु पर्दछ।

लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणाली भएका देशहरूमध्ये कार्यकारणी अधिकारसहितको राष्ट्रपति र कार्यकारणी अधिकार प्रधानमन्त्रीमा रही आलङ्कारिक वा संवैधानिक राष्ट्रपति भएका देशहरुमध्ये कुन कुन देशमा यो गणतान्त्रिक प्रणाली बढी सफलभएको देखिन्छ रु यसको अध्ययन र विश्लेषण गर्दा स्वतन्त्र निर्वाचन, कानुनी शासन, प्रेस स्वतन्त्रता, भ्रष्टाचारको स्तर, नागरिक अधिकार, सत्ता हस्तान्तरणको स्थायित्व आदिलाई सूचकका रुपमा लिई अनुसन्धानहरू गरिएका छन्।

यी सूचकहरूका आधारमा अध्ययन अनुसन्धान गर्ने 'इकनमिक इन्टिलीजेन्स युनिट', 'डेमोक्रेटिक इन्डेक्स', 'फ्रिडम हाउस', 'ट्रान्सपरेन्सी इन्टरनेसनल' आदिको नाम अग्रपंक्तिमा आउँछन्। यी संस्थाहरूको अध्ययनको निष्कर्षको विश्लेषण गर्दा अर्ध राष्ट्रपतीय प्रणाली अवलम्बन गरेको देश फिनल्यान्ड सफल देखिएको छ।

प्रत्यक्ष रूपमा नै सङ्घीय लोकतान्त्रिक शासन प्रणाली भएको देश स्विजरल्याण्ड पनि सफल छ। संसदीय गणतन्त्र भएका देशहरु जर्मनी, आयरल्याण्ड र अस्ट्रियाले पनि सुशासन प्रदान गर्न सफल भूमिका निर्वाह गरिराखेका छन्।

कार्यकारी राष्ट्रपति भएको देश संयुक्त राज्य अमेरिकाले विश्वमै लोकतान्त्रिक शासन प्रणालीको नेतृत्वदायी भूमिका निर्वाह गरिराखेको छ। दक्षिण कोरियाले पनि राष्ट्रपतीय प्रणाली अवलम्बन गर्दै पाँच दशकको अवधिमा आफ्नो आर्थिक तरक्की अत्यन्त द्रुतगतिमा गरी जापानसँग

*(बाँकी ५ पेजमा)*

# क्यान्सर अस्पतालमा औषधि अभाव - डा साह

भरतपुर। क्यान्सरको उपचार गर्ने नेपालकै ठूलो बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा क्यान्सरको औषधि अभाव भएको छ। विश्वव्यापी रुपमा प्रभावित भएका क्यान्सर उपचारका केही औषधि अस्पतालमा नै अभाव भएका हुन्।

अस्पतालको मेडिकल अङ्कोलोजी विभागका प्रमुख डा गुरुशरण साहका अनुसार हाल विश्वव्यापी रूपमा क्यान्सर उपचारमा प्रयोग हुने महत्त्वपूर्ण औषधिहरूको अभाव देखिएको छ। बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालमा पनि यसको प्रत्यक्ष असर परेको उनले बताए। उनले भने, "औषधिको अभावले केमोथेरापीको प्रभावकारिता घट्ने मात्र नभई, बजारमा हुने अवैध ओसारपसार र गुणस्तरहीन औषधिको प्रयोगले बिरामीको स्वास्थ्यमा गम्भीर जोखिम निम्त्याइरहेको छ।"

हाल विशेषतः कार्बोप्लाटिन र सिसप्लाटिन नामक औषधिको अभाव देखिएको डा साहले बताए। यो अभाव नेपालमा मात्र नभई विश्वव्यापी रूपमै रहेको उनको भनाइ छ। उनले भने, "यसको मुख्य कारण यी औषधिहरू बनाउन आवश्यक पर्ने एपिआई अर्थात् मुख्य तत्वहरूको विश्वव्यापी आपूर्तिमा कमी आउनु हो। निकट भविष्यमा अक्सालोप्लाटिनको पनि अभाव हुन सक्ने देखिन्छ।"

यी औषधिहरू क्यान्सरको केमोथेरापी योजना (प्लान) गर्दा एउटा मुख्य आधारका रूपमा प्रयोग हुने भन्दै डा. साहले भने, "यी औषधि बिना केमोथेरापीको रेजिम' पूरा हुँदैन र केमोथेरापीले देखाउनुपर्ने प्रभावकारितामा गम्भीर नकारात्मक असर परिरहेको छ।" यसले गर्दा बिरामीहरू गुणस्तरीय उपचारबाट वञ्चित हुनु परेको भन्दै उनले क्यान्सर निको हुने दरमा ह्रास आउन सक्ने चेतावनी दिए।

कतिपय बिरामीहरूले छिमेकी मुलुकबाट वा बाहिरका पसलहरूबाट औषधि ल्याइरहेको भन्दै उनले तर यस्ता औषधिहरू औषधि व्यवस्था विभागमा दर्ता नभएका, सिल तोडिएका र भन्सार छलेर ल्याइएका भेटिएको बताए। डा साहले भने, "सबैभन्दा ठूलो जोखिम तापक्रमको छ; क्यान्सरका धेरैजसो औषधि २५ डिग्री सेन्टिग्रेडभन्दा मुनिको तापक्रममा राख्नुपर्छ। तर, चितवन जस्तो गर्मी ठाउँमा ३६-३७ डिग्रीको तापक्रममा झोलामा बोकेर ल्याइने औषधिको प्रभावकारिता न्यून हुन्छ, जसले फाइदाभन्दा बढी बेफाइदा पुर्‍याउन सक्छ।"

अस्पतालमा डे-केयर र वार्ड गरी दैनिक झण्डै २०० जना बिरामीले केमोथेरापी लिनुपर्ने भन्दै उनले कार्बोप्लाटिन र सिसप्लाटिन जस्ता मुख्य औषधिलाई अन्य औषधिले सहजै प्रतिस्थापन गर्न नमिल्ने बताए। उनले भने, "औषधि नै नभएपछि हामीले उपचारमा केही सम्झौता गर्नुपर्ने बाध्यता छ, जसले उपचारको गुणस्तरमा असर पारिरहेको छ।"

उनले धेरैजसो औषधिहरू अस्पतालमा बिमामार्फत उपलब्ध गराउँदै आएको भए पनि केही बाहिरका औषधि पसलहरूले अभाव भएका औषधिहरू (कार्बोप्लाटिन, सिसप्लाटिन) दिनका लागि अन्य सबै औषधि पनि आफ्नै पसलबाट किन्नुपर्ने सर्त राख्ने गरेको पाइएको उनको भनाइ छ। डा साहले भने, "यो बिरामीको अधिकारको हनन हो र यसले बिरामीलाई अनावश्यक आर्थिक बोझ थपेको छ।" औषधि व्यवस्था विभाग र नेपाल सरकारले यस्तो अवैध ओसारपसार र बजारमा भइरहेको बेथितिको कडा अनुगमन गर्नुपर्ने उनको माग छ।

अस्पतालका निवर्तमान कार्यकारी निर्देशक डा शिवजी पौडेलले कार्बोप्लाटिन र सिसप्लाटिनको सप्लाई छ महिनाअघि नै बन्द भएको भन्दै अस्पतालमा सिसप्लाटिन तीन महिना अघिसम्म आधा बिरामीलाई पुग्ने स्टकमा भएको भएपनि त्यसपछि नरहेको जानकारी दिए। डा. पौडेलले भने, "कार्बोप्लाटिन जेठ २ गतेसम्मलाई पुग्ने हामीसँग स्टकमा थियो, त्यो पनि अहिले सकिएको छ।" आफूहरुले सप्लाई गर्ने कम्पनीले नै कच्चापदार्थका कारण देखाउँदै उत्पादन बन्द भएको पत्र आफूहरुलाई पठाएको उनको भनाइ छ। हाल अर्को बङ्गलादेशी कम्पनीबाट केही सप्लायर्सले नेपालका लागि दुई/तीन महिनाका लागि पुग्ने औषधि आयात भएको भन्दै अब अस्पतालमा आउने अपेक्षा उनले गरे।

अस्पतालका निमित्त कार्यकारी निर्देशक डा उमेश नेपालले कार्बोप्लाटिन र सिसप्लाटिन आफूहरुकहाँ नरहेको बताए। उनले यसबारेमा स्वास्थ्य मन्त्रालय जानकारी गराएको बताउँदै विश्व स्वास्थ्य सङ्गठन (डब्लुएचओ) लाई पनि पठाई दिन आग्रह गर्दै पत्राचार गरिएको बताए। विभागमा बालबालिकाहरुका लागि निःशुल्क प्रयोग गर्ने कार्बोप्लाटिन र सिसप्लाटिन रहेको भन्दै उक्त औषधि अन्य बिरामीलाई पनि प्रयोग गर्न दिन अनुमतिसहित पठाई दिन आग्रह गरिएको उनको भनाइ छ।

डा नेपालले भने, "बालबालिकाका लागि निःशुल्क प्रयोग गर्ने यी औषधि नियर स्क्सपायोरी (सेप्टेम्बर/अक्टुबर २०२६ सम्म औषधिको म्याद सकिने) रहेका छन्। ती औषधि अन्य बिरामीलाई समेत प्रयोग गर्न दिन अनुमति मागेका छौं।" उनले छुट्टै परियोजनाअन्तर्गतका उक्त औषधि बालबालिकाबाहेक अन्य बिरामीलाई प्रयोग गर्न अनुमति चाहिने बताए।

आफूहरुसँग पनि यस्तो औषधि केही मात्रामा रहेको भन्दै स्वास्थ्य सेवा विभागमा पनि केही मात्रामा यी औषधि रहेको आफूलाई जानकारीमा आएको उनले बताए। यी औषधि चलाउने अनुमतिसहित विभागले पठाएमा अरू बिरामीलाई पनि केही समयलाई उपलब्ध गराउन सकिने डा नेपालको भनाइ छ।

## सूचना सूचना सूचना

नेपाल सरकारको सन् २०३० सम्ममा कुकुरको टोकाईवाट मानवमा रेविज शुन्यमा झार्ने प्रतिवद्धता अनुरुप भरतपुर महानगरपालिका, कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्द्धन शाखाले महानगर भित्रका आफ्नो वरपरको तथा घरपालुवा कुकुर/विरालोहरुमा निःशुल्क रेबिज विरुद्ध खोप कार्यक्रम तपसिल सेवा केन्द्रहरुमा संचालन गरिरहेको हुँदा सम्वन्धित टोलवासी तथा सरोकारवालाहरुलाई यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**नि:शुल्क रेबिज खोप कार्यक्रम संचालन हुने स्थानहरु**

१. पशु सेवा केन्द्र, लंकु
२. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, मंगलपुर
३. पशु सेवा केन्द्र, शारदानगर
४. पशु सेवा केन्द्र, गुन्जानगर
५. पशु सेवा केन्द्र, मेघौली
६. पशु सेवा केन्द्र, पटिहानी
७. एकिकृत कृषि तथा पशुपन्छी सेवा केन्द्र, गीतानगर
८. वडा नं २९, जुगेडी

याद राखौ रेविज एक प्राण घातक रोग हो, जुन रोग देखा परेपछि मृत्यु निश्चित रहेको हुँदा यसवाट जोगिन अनिवार्य रुपमा कुकुरहरुमा नियमित खोप लगाऔं।

**भरतपुर महानगरपालिका**
**कृषि तथा पशुपन्छी**
**व्यवसाय प्रवर्द्धन शाखा**

न्यूज प्रवाह साप्ताहिक इ-पेपरमा
login : www.newsprabah.com
https://newsprabah.com/e-paper/

# स्वास्थ्य/खेलकुद



## बदाम खानुका यस्ता छन् १० आश्चर्यलाग्दा फाइदाहरु

बदाम खानु स्वास्थ्यका लागि पनि निकै फाइदाजनक छ। बदाममा स्वास्थ्यको खजाना लुकेको छ। यसमा पर्याप्त मात्रामा प्रोटिन पाइन्छ जुन शरिरको वृद्धिका लागि निकै आवश्यक हुन्छ। यदि तपाईं कुनै कारणवश दुध पिउन सक्नुहुन्न भने विश्वास गर्नुहोस् बदामको सेवन एक उत्कृष्ट विकल्प हो।



*आउनुहोस्, बदामका चकित पारिदिने फाइदाबारे जानकारी लिऔंः*

**तौल कम गर्छः**

बदामले तौल कम गर्न निकै मद्दत गर्छ। बदाम खाएको लामो समयसम्म भोक लागेको महसुस हुँदैन। त्यसकारण तपाईंको आहारमा कमी आउँछ र तौल कम गर्न निकै सहज हुन्छ।

**एन्टिअक्सिडेन्ट र मिनरल्सले भरपुरः**

बदाममा एन्टिअक्सिडेन्ट र मिलरल्स पर्याप्त मात्रामा हुने भएकाले स्ट्रोक र मुटुसम्बन्धि समस्याको खतरालाई कम गर्छ। बदाममा पाइने ट्रिप्टोफेनले डिप्रेशनको समस्यालाई पनि टाढा राख्न मद्दत गर्छ।

**फाइटोस्टेरोलको मात्रा अत्यधिकः**

बदाममा बिटा-सिटोस्टेरोल भनिने फाइटोस्टेरोलको मात्रा अत्यधिक हुने भएकाले यसले फाइटोस्टेरोल क्यान्सर लाग्नबाट जोगाउँछ। अमेरिकामा भएको एक अनुसन्धान अनुसार हप्तामा कम्तीमा दुईपटक बदामको सेवन गर्ने महिलामा पेटको क्यान्सरको खतरा ५८ प्रतिशत कम र पुरुषमा २७ प्रतिशत कम भएको पाइयो।

**मेंगनिजका साथै मिनरल्स पनि पाइन्छः**

बदाममा मेंगनिजका साथै मिनरल्स पनि पाइन्छ। यो मिनरल्सले फ्याट, कार्बोहाइड्रेट, मेटाबोलिजम, क्याल्सियम एब्जोर्प्शन र ब्लड सुगरलाई नियन्त्रण गर्ने गर्छ। विभिन्न शोधको रिपोर्ट अनुसार बदामको सेवनले मधुमेहको खतरा २१ प्रतिशत कम हुने गर्छ। यदि तपाईंलाई मधुमेह छ भने तपाईंले आफ्नो डाक्टरको सल्लाह लिएर बदाम खान सक्नुहुन्छ।

**मोनोसेचुरेटेड र पोलिअनसेचुरेटेर्ड याट पाइन्छः**

बदाममा मोनोसेचुरेटेड र पोलिअनसेचुरेटेड फ्याट भरपुर मात्रामा पाइन्छ। विशेषगरी बदाममा पाइने फोलिक एसिडले रगतमा ब्याड कोलेस्ट्रोललाई कम गर्दै गुड कोलेस्ट्रोलको स्तर बढाउने गर्छ। यसले शरिरमा कोलेस्ट्रोलका स्तरलाई पनि ब्यालेन्स गर्नुका साथै कोरोनरी आर्टरी डिजिजबाट शरिरलाई सुरक्षित राख्ने गर्छ।

**फोलिक एसिडको स्रोतः**

बदाममा अत्यधिक मात्रामा फोलिक एसिड पाइन्छ जसले महिलाको प्रजनन क्षमतालाई वृद्धि गर्छ। यसबाहेक शिशुको स्वास्थ्यलाई पनि सकारात्मक असर पुग्ने गर्छ। यदि तपाईं गर्भावस्थाको सुरुवाती दिनमा हुनुहुन्छ भने बदाम खान सुरु गरिहाल्नुहोस्। यसको शिशुको स्वास्थ्य राम्रो बनाउन सहयोग गर्छ।

**अन्य फाइदाः**

विभिन्न अनुसन्धानमा यदि महिलाले गर्भावस्था अघि र गर्भावस्थामा कम्तीमा चार सय ग्राम बदामको सेवन गर्छिन् भने उनको बच्चा जन्मँदा कुनै प्रकारको कमी नहुने पुष्टि भइसकेको छ। यसबाहेक बदामको सेवनले शिशुमा दम हुने खतरा पनि कम हुन्छ।

**छालाका लागि उत्कृष्टः**

बदाम स्वास्थ्यका साथै छालाका लागि पनि निकै फाइदाजनक हुन्छ। बदाममा हुने मोनोसेचुरेटेड एसिडले छालालाई हाइड्रेट गर्नुका साथै चम्किलो पनि बनाउँछ।

**भिटामिन सी भरपुरः**

बदाममा भिटामिन सी भरपुर मात्रामा पाइन्छ जसले रुघा, खोकीजस्ता समस्याबाट सुरक्षा प्रदान गर्छ।

# दैनिक दुई सय भत्तामा जीवन बचाउँछन् गोताखोर

## पुनर्विचार गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण

भरतपुर। ज्यानको जोखिम मोलेर उद्धारमा खटिने 'गोताखोर'ले दैनिक रु २०० मात्र भत्ता पाउँछन् भन्दा विश्वास नलाग्न सक्छ। तर, गहिरा नदी, तलाउमा हामफालेर अरुको जीवन बचाउने जिम्मेवारीमा रहेका सशस्त्र प्रहरी बल (एपिएफ)मा कार्यरत 'गोताखोर'को भत्ता अहिले पनि दैनिक २०० रुपैयाँ मात्र रहेको छ।



पानी तथा तालतलैयामा डुबेका व्यक्तिको उद्धार गर्ने, शव निकाल्ने र पानीजन्य घटना तथा दुघर्टनामा अग्रपङ्तिमा खटिएको समयमा दिइने दैनिक प्रोत्साहन भत्ता न्यून रहेकाले त्यसमा पुनर्विचार गर्न सम्बद्ध पक्षको ध्यानाकर्षण गरिएको छ।

सशस्त्र प्रहरी बलअन्तर्गतका 'गोताखोर'लाई समयसापेक्ष रूपमा तालिमसहित अत्यवश्यक उपकरणको व्यवस्था गर्न नसकिएको, जोखिम मोलेर काम गर्नुपर्ने भए पनि प्रोत्साहन भत्ता कमी भएको, पछिल्ला दिनमा यो कामप्रति आकर्षण नदेखिएको र काम गरेका सीमित 'गोताखोर' पनि पेसाबाट पलायन हुने अवस्था रहेको भनी चिन्ता व्यक्त गरिएको छ।

सशस्त्र प्रहरी बलको गढीमाई बाहिनी मकवानपुरअन्तर्गत १७ नं गण, चितवनले आजदेखि सुरू गरेको 'गोताखोर' अनुशिक्षण तालिमको उद्घाटन सत्रका प्रमुखअतिथि एवम् भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले सहभागीहरूहरुको पीडा सुनेपछि तीन थान उच्चस्तरका उपकरण जडित 'लाइफ ज्याकेट' उपलब्ध गराउने प्रतिबद्धता व्यक्त गरे।

उनले कार्यविधि बनाएर सहयोग गर्न मिल्ने भए ज्यानको बाजी राखी जुनसकै समय उद्धारमा खटिनुपर्ने जिम्मेवारीमा रहेका 'गोताखोर'लाई प्रोत्साहन भत्ता दिन महानगरपालिका तयार रहेको बताए।

चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालले नदीजन्य विपद्मा गोताखोरहरुको भूमिका महत्त्वपूर्ण हुने बताउँदै जोखिम व्यहोरेर काम गर्ने पेसाकर्मीको मनोबल बढाउनुपर्नेमा जोड दिए।

बाहिनीपति एवम् सशस्त्र प्रहरी नायव महानिरीक्षक (डिआइजी) अन्जनीप्रसाद पोखरेलले आफ्नो ज्यानको जोखिम मोलेर संवेदनशील क्षेत्रमा काम गरिरहेका 'गोताखोर'को मनोबल बढाउनुपर्ने समय आएको बताए।

यसैगरी, सशस्त्र प्रहरी बल नेपाल १७ नं गण हेडक्वाटर चितवनका प्रमुख प्रहरी उपरीक्षक धनबहादुर बानियाँले १० दिने अनुशिक्षण कार्यक्रममा सहभागीहरूलाई पौडी पोखरी र नारायणी नदीमा तालिम प्रदान गरिने जानकारी दिए।

सशस्त्र बल नेपाल, गढीमाई बाहिनीअन्तर्गतका १० जना 'गोताखोर'का लागि चितवनको कुरिनटारमा १० दिनको पुनर्ताजगी तालिम सुरू भएको हो। नेपालमा सबैभन्दा पहिला २०६८ सालमा २५ जना सशस्त्र प्रहरीलाई बङ्गलादेश पठाएर गोताखोरको तालिम दिएको थियो।

सशस्त्र प्रहरी बलले अहिले १६ जना गोताखोर रहेको कुरिनटारस्थित विपद् व्यवस्थापन शिक्षालयमा नियमित तालिम दिँदै आएको छ। यही शिक्षालयबाट शिक्षित सशस्त्र प्रहरीले आवश्यकताअनुसार अन्य प्रदेशहरुमा 'गोताखोर'को सेवा दिइरहेका छन्। सशस्त्र प्रहरी वलको नेतृत्वमा पछिल्ला दिनमा स्वदेशमै तालिमप्राप्त जनशक्ति उत्पादन हुनथालेपछि 'गोताखोर'को अभाव हटेको शिक्षालयले जनाएको छ।

# कृषि वनविज्ञानको कामले गति लिँदै

भरतपुर। चितवनको रामनगरमा रहेको कृषि तथा वन विज्ञान विश्वविद्यालयले नयाँ नेतृत्व पाएसँगै १५ दिनमा १५ वटा काम गरेको छ। विगतमा राजनीति खिचातानी र भागबण्डाका कारण विभिन्न नाममा हुने विवादले यहाँ कार्यसम्पादनमा समस्या हुने गरेको थियो। वर्तमान सरकार बनेपछि उपकुलपतिमा प्रा डा होमबहादुर बस्नेतलाई अर्को व्यवस्था नहुञ्जेलका लागि




जिम्मेवारी दिएपछि कामले गति लिएको हो।

प्रा.डा. बस्नेतलाई वैशाख ३० गते प्रधानमन्त्री एवम् विश्वविद्यालयको कुलपतिस्तरको निर्णयमार्फत उपकुलपति नियुक्त गरिएको थियो। यससँगै उनले विश्वविद्यालयमा रजिस्टार, डिन र रिक्त निर्देशकहरू नियुक्त गरी कामलाई तीव्रता दिएका हुन्।

नयाँ सरकार बनेसँगै यसअघि राजनीतिक भागवण्डामा नियुक्त भएका उपकुलपति, रजिस्टार, डिन र निर्देशकहरूलाई एकमुष्ठ पदमुक्त गरिएको थियो। विश्वविद्यालय स्थापनायता नियमित रूपमा राजनीतिक भागवण्डामा नियुक्त भएका पदाधिकारीमार्फत हुन नसकेका कामसमेत हाल अगाडि बढेका छन्। उपकुलपति बस्नेतले राजनीतिक पक्षधरता नहेरी काम गर्नसक्ने सक्षम व्यक्तिलाई नियुक्त गरेर कामलाई तीव्रता दिएकाले काम गर्न सहज भएको बताए।

आफूले गरेका १५ काम सार्वजनिक गर्दै उनले विश्वविद्यालयअन्तर्गतको वन विज्ञान सङ्काय हेटौँडा र त्रिभुवन विश्वविद्यालयअन्तर्गतको वन विज्ञान क्याम्पस हेटौँडाको विवाद तत्कालका लागि समाधान गरिएको बताए। यहाँ रहेका विवाद र समस्याको दिगो समाधानका लागि शिक्षा मन्त्रीलाई ध्यानाकर्षण गराइएको उपकुलपति बस्नेतले जानकारी दिए।

विश्वविद्यालयमा भएका गुनासालाई सम्बोधन गर्दै सुशासनको प्रत्याभूति दिन एवं विभिन्न निकायको परिपत्रलाई समेत मध्यनजर गर्दै मातहतका निकायलाई अभिप्रेरित गर्ने, विद्युतीय हाजिरी प्रणालीको नियमन तथा कार्यालय समयमा सामाजिक सञ्जालको प्रयोगको नियमन गरिएको उनले बताए।

बागमती प्रदेश सरकारका कृषि तथा पशुपक्षी विकासमन्त्री एवम् सचिवसँग छलफल गरी सोही मन्त्रालयको प्राथमिकतामा रहेका मल उद्योग स्थापनाको लागि सम्भाव्यता अध्ययनको लागि प्रारुप तयार गर्न यस विश्वविद्यलयसँग माग भएबमोजिम अवधारणापत्र तयार गरिएको उनको भनाइ छ।

नेपाल सरकारले चीन सरकारको सहयोगमा भैँसी एवम् राँगाको मासु निर्यातको उद्देश्य लिई सिन्धुलीको मरिण गाउँपालिकामा स्थापना गरिरहेको मासु प्रशोधन उद्योगमा प्राविधिक एवं विशेषज्ञ सेवा उपलब्ध गराउन सहकार्यका लागि पहल गरिएको बस्नेतले बताए।

यस्तै, तीनवटै सङ्कायमा रोकिएको स्नातक, स्नातकोत्तर एवम् विद्यावारिधि कार्यक्रमका गतिविधि, प्रयोगशाला मर्मतसम्भार, कृषि सङ्कायमा विद्युत् टार्न्सफर्मर जडान, अडिटोरियमहल मर्मत प्रक्रिया सुरू गरिएको उनको भनाइ छ।

उपकुलपति बस्नेतले भने, 'विशेष परिस्थितिका कारण स्थगित भएको यस विश्वविद्यालयको पाँचौँ दीक्षान्त समारोह एवं छैटौँ विशेष बैठकको मितिसमेत तय गरी तयारी थालिएको छ। विश्वविद्यालयले विभिन्न दातृ निकायका अधिकारीसँग छलफल गरी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सम्बन्ध विस्तारमा थप प्रयास गरिएको छ।'

यस विश्वविद्यालयको अनुसन्धान एवम् प्रसार निर्देशनालयले आयोजना गर्न लागेको राष्ट्रिय सम्मेलन आगामी असार ११ देखि १३ गतेसम्म गर्नेगरी तयारी अगाडि बढाइएको पनि उनले जानकारी दिए। विश्वविद्यालयले प्राध्यापकहरूको अभाव एवम् बढ्दो कक्षा भारको समस्या समाधानका लागि काम अघि बढाइएको छ।

असार ३ गते विश्वविद्यालयको स्थापना दिवस भव्यरूपमा मनाउनको लागि जिल्ला आइपिएम कृषक समूहको सहकार्यमा समुदायस्तरमा बाली उपचार शिविर गरिँदै छ। विविध कारणले रोकिएर बसेका पूर्वनिर्धारित कार्यक्रम अघि बढाइएको छ।

समग्र कृषि शिक्षा, कृषि प्रसार एवम् अनुसन्धान एकै छातामा रहने गरी अगाडि बढ्न राष्ट्रिय योजना आयोगका सदस्य डा. देवेन्द्र गौचन एवम् कृषि मन्त्रालयका सचिव राजेन्द्रप्रसाद मिश्रासँग गहन छलफल गरी काम अघि बढाइएको बस्नेतले जानकारी दिए।

विश्वविद्यालयमा कृषि सङ्काय, पशु विज्ञान, पशु चिकित्सा, मत्स्य विज्ञान सङ्काय र वन विज्ञान सङ्काय रहेका छन्। जहाँ स्नातकदेखि विद्यावारिधिसम्म अध्ययन गर्ने तीन हजार ९०० विद्यार्थी अध्ययनरत छन्। विश्वविद्यालयअन्तर्गत आठ वटा आङ्गिक क्याम्पस र सात वटा सम्बन्धन प्राप्त निजी क्याम्पस छन्। विसं २०६७ मा विश्वविद्यालय स्थापना भएको हो।

# अनिवार्य नि:शुल्क शिक्षाको तयारी गर्दै कालिका नपा

कालिका। कालिका नगरपालिकाले नगरक्षेत्रभित्रका बालबालिकालाई अनिवार्य तथा निःशुल्क शिक्षा प्रदान गर्ने तयारी थालेको छ। आधारभूत तहका सबै बालबालिकालाई उक्त कार्यक्रममा सहभागी गराउने तयारी थालेको हो।

संविधानको धारा ३१ अन्तर्गत व्यवस्था गरिएको शिक्षासम्बन्धी मौलिक हक तथा अनिवार्य एवम् निःशुल्क शिक्षासम्बन्धी कार्यविधिअनुसार चारदेखि १३ वर्ष उमेर समूहका सबै बालबालिकालाई शिक्षाको पहुँचमा ल्याउने उद्देश्यसहित वडा तहबाट अभियान सुरू गरिएको कालिका नगरपालिकाका प्रमुख विनोद रेग्मीले जानकारी दिए। उनका अनुसार वडा नं-४ बाट अभियानको सुरूवात गरिएको छ। जसअन्तर्गत 'अनिवार्य तथा निःशुल्क शिक्षा वडा घोषणा'का लागि सामूहिक प्रतिबद्धतापत्रमा हस्ताक्षरसमेत गरिएको थियो।

बागमती प्रदेश सरकारसँग सम्झौता भइसकेकोले कार्यक्रम सुरू गरिएको उनले बताए। 'आर्थिक अभावका कारण कुनै पनि बालबालिका विद्यालय जानबाट वञ्चित नहून् भन्ने उद्देश्यले स्थानीय सरकारले जिम्मेवारीपूर्वक काम गरिरहेको छ', नगरप्रमुख रेग्मीले बताए। वडा तहबाट प्रतिबद्धता अभियान सञ्चालन गरी नगरस्तरीय घोषणा कार्यक्रममार्फत योजनालाई प्रभावकारीरुपमा अघि बढाइने उनको भनाइ छ।

उपप्रमुख विमला तमाङका अनुसार स्थानीय सरकारले शिक्षा विकासलाई सुरूदेखि नै प्राथमिकतामा राख्दै आएको छ।

पालिकाहरुको आर्थिक स्थितिलाई हेरेर हाल आधारभूत तहसम्म पूर्णरुपमा निःशुल्क गराउने प्रयास गरिएको उनले बताइन्। कालान्तरमा माध्यमिक तहसम्मका शैक्षिक विकासमा काम गर्ने योजना रहेको उनले बताइन्। पालिकाका प्रमुख प्रशासकीय अधिकृत देवराज चौलागाईंले संविधानले व्यवस्था गरेको अधिकारलाई व्यवहारमा कार्यान्वयन गरेको बताए। कार्यक्रम वडा नं-४ का अध्यक्ष तथा सामाजिक विकास समितिका संयोजक मकरमान श्रेष्ठको अध्यक्षतामा सुरू भएको हो।

# फिल्म/मनोरञ्जन



## विजय बराल घाइते, "सिन्दुरे जात्रा"को छायांकन स्थगित

काठमाडौं। फिल्म 'सिन्दुरे जात्रा'को छायांकनका क्रममा अभिनेता विजय बराल घाइते भएका छन्। गत बुधबार पर्वत जिल्लाको कुश्मा नगरपालिका-१४ स्थित आर्थर डाँडाखर्क गाउँमा फिल्मको एक दृश्यका लागि घोडा चढ्ने क्रममा अचानक सन्तुलन बिग्रँदा उनको दाहिने हातको जोर्नीमा चोट लागेको हो। त्यहाँ करिब १५ दिनदेखि फिल्मको छायांकन भइरहेको थियो।



दुर्घटना लगत्तै विजयको कुश्मास्थित प्रदेश अस्पतालमा प्राथमिक उपचार गरिएको थियो। त्यसपछि थप उपचारका लागि उनलाई पोखराको मेट्रो सिटी अस्पताल पुर्‍याएर 'एक्स-रे' गर्दा हातमा 'फ्याक्चर' देखिएको निर्देशक सरोज पौडेलले जानकारी दिए। उनका अनुसार बिहीबार विजयको हातमा 'प्लास्टर' गरिएको छ।

विजयले कम्तीमा ४० दिन आराम गर्नुपर्ने चिकित्सकको सल्लाहपछि फिल्मको छायांकन तत्काललाई पूर्ण रूपमा रोकिएको छ। ३५ दिनको तालिकासहित जेठ १ गतेदेखि फिल्मको छायांकन सुरु गरिएको थियो।

अब विजयको हातको 'प्लास्टर' खोलेपछि असार १५ गतेपछि फिल्मको बाँकी छायांकन सुरु गर्ने योजनामा निर्माण टिम रहेको छ।

विजयले केही साताको आरामपछि आफू पुनः काममा फर्किने बताए। उनले भने, 'काम गर्ने क्रममा अचानक दुर्घटना हुन पुग्यो। अहिले डाक्टरको निगरानीमा छु र केही हप्ताको आरामपछि पुनः काममा फर्किनेछु।' उनले आफ्नो स्वास्थ्य अवस्थाका कारण अन्य केही फिल्मको छायांकन तालिकामा पनि सामान्य हेरफेर हुन सक्ने बताए।

सारङ्गी फिल्म्सको प्रस्तुति रहेको यस फिल्ममा विजयसहित अञ्जना बराइली, विनोद न्यौपाने, पूर्वमिस नेपाल उषा खड्गी, भोलाराज सापकोटा, लोकेन्द्र लेखकलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ। विजय र अञ्जनाले यसअघि कीर्तिमानी फिल्म 'पूर्ण बहादुरको सारङ्गी'मा सहकार्य गरेका थिए। उनीहरू दोस्रो पटक फिल्ममा एकसाथ देखिन लागेका हुन्।

## उत्तम र निरुता २२ वर्षपछि एकैसाथ फिल्ममा

काठमाडौं। अभिनेता उत्तम प्रधान र अभिनेत्री निरुता सिंहलाई नेपाली फिल्मका सर्वाधिक सफल जोडीमध्ये एक मानिन्छ। कालजयी फिल्म 'दर्पण



छायाँ'बाट सुरु भएको उनीहरूको सहकार्य सन् २००३ मा प्रदर्शन भएको 'उपहार'सम्म अटुट रह्यो। यो बीचमा उनीहरू 'मलाई माफ गरिदेऊ', 'लहना', 'यो कस्तो प्रेम' जस्ता आधा दर्जनभन्दा बढी फिल्ममा जोडी भएर देखिए।

तर, 'उपहार'पछि उत्तम र निरुताको कुनै फिल्ममा सहकार्य भएन। अब २२ वर्षपछि यो जोडीलाई दर्शकले पर्दामा हेर्न पाउने भएका छन्। फिल्म 'सारथी'मा उनीहरूले एकसाथ काम गरेका छन्। एक महिना म्याग्दी जिल्लाको गुर्जा खानीमा फिल्मको छायांकन गरेर उनीहरू यसै साता काठमाडौं फर्किएका छन्। अब काठमाडौंमा फिल्मको एक दिनको मात्र छायांकन बाँकी छ।

कुमार गजुरेलको निर्देशनमा बनेको यस फिल्ममा उत्तम र निरुतासहित मुकुन्द श्रेष्ठ, राजेन्द्र केसी, गिरी विश्वकर्मा, गायत्री जोशी, मदन थापा, सम्रान्त थापा, मिलन खड्का, रश्मि गुरुङ, कल्पना थापा, आशा विश्वकर्मा, सन्तोष दाहाल, विप्लव खड्का, सागर कंडेल, धिरेन मोक्तानलगायतका कलाकारहरूको अभिनय देख्न सकिनेछ।

किम्भे प्रोडक्सन तथा धीरज इन्फिनिटी फिल्म्सको प्रस्तुति रहेको फिल्मका निर्माता तारा थापा 'किम्भे' र सौर्यल थापा हुन्। धीरज तामाङ र बेक बहादुर विश्वकर्मा सह-निर्माता तथा प्रदीप रायमाझी र रदिप श्रेष्ठ कार्यकारी निर्मातामा छन्। फिल्मका लाइन प्रोड्युसर सञ्चारकर्मी अमीर केसी हुन्। फिल्ममा संकल्प भुजेलको छायांकन रहेको छ। - *फिल्मीखबरबाट।*

Cell: 9845067414
B. & B. Media Network [P.] Ltd.
Bharatpur, Chitwan
Remember for :
Visiting card
Wedding card
Number Plate
Color Print
Nylon Stamp
Bill/Receipt
Computer Design
Flex/Photo Print
All kinds of Printing Job

# ‘प्राविधिक शिक्षा पढ्ने विद्यार्थीलाई छात्रवृत्ति दिन्छौ’

भरतपुर। बागमती प्रदेशका मुख्यमन्त्री इन्द्रबहादुर बानियाँले सिमान्तकृत समुदायका जेहन्दार विद्यार्थीलाई प्रदेश सरकारले छात्रवृत्ति दिएर चिकित्सा तथा इञ्जिनियरिङ शिक्षा पढाउने बताएका छन्।

नेपाल चिकित्सक संघ केन्द्रीय समितिले विपी मेमोरियल क्यान्सर अस्पतालमा आयोजिते अल नेपाल मेडिकल कन्फ्रेन्स ‘एनएमए कन २०२६’ को उद्घाटन गर्दै उनले बागमती प्रदेश सरकारले सिमान्तकृत समुदायका विपन्न विद्यार्थीलाई निःशुल्क प्राविधिक शिक्षा अध्ययन गर्ने वातावरण बनाउन लागेको जानकारी दिए। उनले भने, ‘यस समुदायका विद्यार्थीले प्रवेश परीक्षामा नाम निकालेर आर्थिक अभावका कारण पढाइ रोकिँदैन।’



चिकित्सकीय सेवा महत्त्वपूर्ण भएको भन्दै मुख्यमन्त्री बानियाँले चिकित्सक मानवरुपी भगवान् हुने भएकाले यस क्षेत्रमा सक्षम र दक्ष जनशक्ति उत्पादन हुनुपर्नेमा जोड दिए। उनले इमानदारभई निरन्तर काममा खटिन चिकित्सकलाई आग्रह गरे।

संघले पेसागत हकहितका लागि काम गरिरहेको भन्दै मुख्यमन्त्री बानियाँले प्रशंसा गरे। बागमती प्रदेश सरकारले १३ जिल्लाका प्रदेशस्तरका अस्पतालमा आधुनिक उपकरण जडान गरी उच्चतम सेवा प्रवाह गर्ने योजना बनाइरहेको बताउँदै उनले यसमा सरोकार भएका निकायको साथ र समन्वयको आवश्यकता औंल्याए।

भक्तपुर अस्पतालमा ‘रोवटिक सर्जरी’ र हेटौंडामा ‘क्याथल्याब’समेत जडान गरी थप विशेषज्ञ सेवा दिन लागिएको मुख्यमन्त्री बानियाँले जानकारी दिए।

बागमती प्रदेशका गरिबी सहरी विकासमन्त्री विनु रायमाझी र भरतपुर महानगरपालिकाका कार्यवाहक प्रमुख चित्रसेन अधिकारीले स्वास्थ्य क्षेत्रको उन्नयनका लागि चिकित्सकले महत्त्वपूर्ण काम गरिरहेकाले उच्च प्रशंसा गरे।

डा अनिलविक्रम कार्की अध्यक्ष रहेको यसअघिको कार्यसमितिले डा. बद्रि रिजालको नवनिर्वाचित कार्यसमितिलाई पद हन्तान्तरणसमेत गरेको थियो। पद हस्तान्तरणसँगै निर्वतमान अध्यक्ष कार्की, नवनिर्वाचित अध्यक्ष रिजाल, चिकित्सक संघ चितवनका अध्यक्ष डा. उमेश नेपाललगायतले चिकित्सकका समस्याका र समाधानका विषयमा आ-आफ्ना धारणा राखेका थिए। सो अवसरमा संघमा रहेर विभिन्न क्षेत्रबाट सहयोग पुऱ्याउनेलाई सम्मान एवम् पुरस्कृत गरिएको थियो।

शनिबारदेखि सुरू भएको संघको आफ्नो ३०औँ सम्मेलन (कन्फ्रेन्स) बिपी कोइराला मेमोरियल क्यान्सर अस्पतालको सभाहलमा सम्पन्न भएको छ। कार्यक्रममा भारत र चीनसहित नेपालभरबाट ३५० जना सहभागी रहेका थिए।

सम्मेलनमा प्राथमिक स्वास्थ्य सेवा सुधार, डिजिटल हेल्थ, ग्रामीण स्वास्थ्य पहुँच, स्वास्थ्य बिमा र मानव संशाधन व्यवस्थापनजस्ता विषयमा विशेष सत्रहरू सञ्चालन गरिएको थियो। हरेक दुई/दुई वर्षमा हुँदै आएको यो कार्यक्रम १२ वर्षयता तीन/तीन वर्षमा गर्न थालिएको हो। नेपालको स्वास्थ्य क्षेत्रमा देखिएका पहुँच, गुणस्तर र लागतसम्बन्धी चुनौतीलाई समाधान गर्न नवप्रवर्तनलाई केन्द्रमा राखेर छलफल गरिएको छ।

सम्मेलनमा संविधानले प्रत्याभूत गरेको आधारभूत स्वास्थ्य अधिकारलाई कसरी सुदृढ बनाउने र स्वास्थ्य क्षेत्रमा विश्वका नयाँ प्रविधि र आविष्कारलाई कसरी जोड्ने भन्ने विषयमा केन्द्रित रहेर वैज्ञानिक प्रस्तुतीकरण गरिएको थियो।

# ४६७ जनाको नि:शुल्क आँखा परीक्षण

रत्ननगर। रत्ननगर-१ वडा कार्यालयको आयोजना एवम् भरतपुर आँखा अस्पतालको प्राविधिक सहयोगमा बृहत् निःशुल्क आँखा शिविर सम्पन्न भएको छ। रत्ननगर-१, बकुलहरस्थित आयुर्वेद तथा वैकल्पिक चिकित्सालय परिसरमा सञ्चालित शिविरमा ४६७ जनाले आँखाको जाँच गरेका थिए। सो तथा विपन्न नागरिकका लागि खडा गरिएको उपचार कोषबाट नागरिकले लाभ लिइरहेको जानकारी दिए।

कार्यक्रममा बोल्दै रत्ननगर नगरपालिका स्वास्थ्य शाखाका सहसंयोजक वासुदेव सापकोटाले दृष्टिबिनाको जीवन अधुरो हुने बताउँदै नागरिकलाई स्वास्थ्य सेवामा पहुँच पुऱ्याउन नगरपालिका औषधि र चस्मा पूर्णरूपमा निःशुल्क उपलब्ध गराइएको अस्पतालले जनाएको छ। साथै, शिविरमा आँखा रातो हुने, चिलाउने, आँसु बगिरहने तथा मासु पलाउनेजस्ता समस्या भएका बिरामीहरूलाई परामर्शसहित निःशुल्क औषधि वितरण गरिएको थियो।

शिविरको उद्घाटन कार्यक्रममा




शिविरमा आँखाको पावर जाँच, उपचार, औषधि वितरण तथा मोतियाविन्दुको पहिचान गर्ने कार्य गरिएको थियो।

कार्यक्रमका सभाध्यक्ष तथा रत्ननगर-१ का वडाध्यक्ष एवम् नगर प्रवक्ता कुलप्रसाद सापकोटाले शिविरमा देखिएको जनसहभागिताले आफूलाई थप उत्साहित बनाएको बताए। उनले आँखाको समस्याले धेरै नागरिक पीडित रहेको महसुस गर्दै अबदेखि हरेक तीन-तीन महिनामा यस प्रकारको शिविर सञ्चालन गर्ने प्रतिबद्धता जनाए।

वडाध्यक्ष सापकोटाले नगरपालिकाले स्वास्थ्य र शिक्षा क्षेत्रमा गरिरहेको लगानीबारे चर्चा गर्दै सामुदायिक विद्यालयमा कक्षा १२ सम्मको निःशुल्क शिक्षा, एम्बुलेन्स सेवा र विभिन्न अस्पतालमा गरिब प्रतिबद्ध रहेको जानकारी दिए। उनले रत्ननगर नगरपालिकाले स्वास्थ्य क्षेत्रमा देशभरिकै उत्कृष्ट सेवा प्रवाह गर्दै आइरहेको उल्लेख गर्दै विपन्न नागरिकको उपचारका लागि नगरपालिकाले विभिन्न अस्पतालसँग समन्वय गरी उपचार कोष खडा गरेको बताए।

शिविरमा वरिष्ठ नेत्र सहायक सुवास सापकोटाले सेवा प्रवाहका विविध पक्षबारे प्रकाश पार्दै आवश्यक पर्ने बिरामीलाई निःशुल्क चस्मा र मोतियाविन्दु भएकालाई निःशुल्क शल्यक्रिया गरिने जानकारी गराए। शिविरमा परीक्षण गरिएकामध्ये २२ जनामा मोतियाविन्दुको समस्या देखिएको छ, जसमध्ये १९ जनालाई थप उपचार र शल्यक्रियाका लागि भरतपुर आँखा अस्पताल पठाइएको छ। शल्यक्रिया, आवश्यक वडा सदस्य उमादेवी पौडेल, वडा सचिव महेश सुवेदी, आयुर्वेद तथा वैकल्पिक चिकित्सालय व्यवस्थापन समितिका निवर्तमान अध्यक्ष राजेन्द्रकुमार श्रेष्ठ, मन्दिर व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण गिरी, विभिन्न टोल विकास संस्थाका प्रतिनिधि, कर्मचारी तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूको उपस्थिति रहेको थियो।

शिविरमा नजिकको दृष्टिका लागि १०० जनालाई निःशुल्क चस्मा वितरण गरिएको थियो भने थप उपचार आवश्यक पर्ने बिरामीहरूलाई भरतपुर आँखा अस्पताल रेफर गरिएको छ। वडा कार्यालयको यो पहलले आर्थिक अभावका कारण उपचारबाट वञ्चित रहेका वडावासीमा ठूलो राहत पुगेको सहभागीहरुले बताएका छन्।

## महिला ...

गरेको हो। कार्यक्रमको प्रशिक्षकमा नृत्य निर्देशकहरु मनोज लामा, रेनु तामाङ, अमित राई र किट क्याट रहेका थिए।

जुम्बामा प्रशिक्षार्थीहरु बीच तातो आलु र दौड प्रतियोगिता सम्पन्न गरिएको थियो।

नेपाल राष्ट्रिय कलाकार संघ चितवनका अध्यक्ष रेनुका प्रधानले उत्कृष्ट प्रतियोगीहरुलाई पुरस्कार वितरण गरे।

चितवन डान्स सेन्टरले निरन्तर विगत दुई दशकदेखि नृत्य क्षेत्रमा सेवा पुऱ्याउँदै आएको छ भने यसले सांगीतिक क्षेत्रमा उल्लेखनीय योगदान पुग्ने विश्वास गरिएको छ।

## हुलाक ...

लागू गर्ने कार्यअन्तर्गत घरघरमा सेवा पुऱ्याउन थालिएको हो।

हुलाक सेवामार्फत हाल ७१ देशका ९३ गन्तव्य सहरसम्म सेवाको पहुँच रहेको जिल्ला हुलाक कार्यालयले बताएको छ।

भरतपुर महानगरपालिकाभित्र पाँच वटा, राप्ती नगरपालिकामा चार वटा तथा खैरहनी र रत्ननगर नगरपालिकामा एक-एक वटा अतिरिक्त हुलाक कार्यालय सञ्चालनमा छन्।

जिल्ला हुलाक कार्यालय तथा मातहतका कार्यालयमा स्थायी, अस्थायी र करार गरी ७२ जना कर्मचारी कार्यरत छन्।

## गणतन्त्रात्मक ...

प्रतिस्पर्धा गरिराखेको छ।

संसदीय प्रणाली अवलम्बन गरिएका देशहरुमा लोकतन्त्रको स्थायित्व अत्याधिक भएको पाइन्छ। अधिकांश गणतन्त्र भएका देशहरुले राष्ट्रपतिलाई आलङ्कारिक बनाई नागरिकप्रति प्रत्यक्ष रुपमा जवाफदेहीता प्रदान गर्ने प्रधानमन्त्रीको व्यवस्था गरेका छन्। नेपालको व्यवस्था पनि संसदीय गणतन्त्रात्मक नै हो। यो प्रणाली सबैभन्दा बढीसफल विश्व परिवेशमा देखिँदै गएको छ।

निष्कर्ष

लामो सङ्घर्ष, जनआन्दोलन र बलिदानपछि नेपाली जनताले सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापना गरेका हुन्। यसले नेपाली जनतालाई सार्वभौम सत्ताको वास्तविक अनुभूति गराएको छ। यद्यपि गणतन्त्रको सफलताको लागि केवल व्यवस्था परिवर्तन मात्र पर्याप्त हुँदैन। राजनीतिक स्थिरता सुशासन कानुनी शासन र नागरिक सचेतना पनि उत्तिकै आवश्यक हुन्छ। गणतन्त्रलाई प्रभावकारी बनाउन राजनीतिक दल नागरिक समाज र आमजनताले समान रुपमा जिम्मेवारी निर्वाह गर्नुपर्दछ।

अन्त्यमा लोकतन्त्रको स्थायित्व समावेशीता र प्रभावकारिताका लागि गणतन्त्र अत्यावश्यक छ। गणतन्त्रले जनतालाई शासनको केन्द्रमा राख्दै समानता स्वतन्त्रता र न्यायको सुनिश्चितता गर्दछ। यसले लोकतन्त्रलाई केवल सैद्धान्तिक अवधारणामा सीमित नराखी व्यवहारमा कार्यान्वयन गर्ने आधार प्रदान गर्दछ। लोकतन्त्रलाई सुधीर समृद्ध र जनमुखी बनाउन गणतन्त्रको संरक्षण र सशक्तीकरण नेपालको सन्दर्भमा पनि अपरिहार्य भएको छ।

(लेखक नेपाल सरकारका पूर्वसचिव हुन्।)

पानी उमालेर मात्रै पिउने बानी बसालौं।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

### आकस्मिक एम्बुलेन्स सेवा

| | |
|---|---|
| रेडक्रस चितवन | ५२०१३३ |
| कावासोती | ५४०४१८ |
| परासी | ५२०१२५ |
| रत्ननगर | ५६०२०१ |
| चनौली | ९८४५०५६९३९ |
| ज्योतिनगर | ९८५५०५८४७४ |
| गीतानगर | ९८४५०६५९६३ |
| महेन्द्रचोक | ९८४५११२२८४ |
| गैंडाकोट | ५०११०० |
| पर्सा | ९८५५०५७१७२ |
| पिठुवा | ५६१२७४ |
| पटिहानी | ९८४५०४७४८७ |
| शारदानगर | ९८४५०५६६३७ |
| भण्डारा | ५५०१३३ |
| शक्तिखोर | ९८४५०५६०३३ |
| सहमति, गैंडाकोट | ९८५५०५६५५९ |
| नेपाल क्षयरोग नि. संस्था | ९७४५०६७४०० |

### अस्पताल काठमाडौं

| | |
|---|---|
| वीर अस्पताल | ४२२३८०७ |
| | ४२२१९८८ |
| शिक्षण अस्पताल | ४४१२४०४ |
| | ४४१२५०५ |
| कान्ति बाल अस्पताल | ४४१४७९८ |
| टेकु अस्पताल | ४२५३३९६ |
| | ४२५३३९५ |
| वीरेन्द्र प्रहरी अस्पताल | ४४१२४३० |
| आँखा अस्पताल | ४२६०८१३ |
| | ५५२२२६६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| | ५५२१६१२ |

### अस्पताल चितवन

| | |
|---|---|
| भरतपुर अस्पताल | ५२०१११ |
| क्यान्सर अस्पताल | ५२४५०१ |
| आँखा अस्पताल | ५२०३३३ |
| कलेज अफ मेडिकल साइन्सेस | ५२४२०३ |
| नारायणी सामुदायिक अस्पताल | ५२५५१७ |
| ब्लड बैंक भरतपुर | ५२०८८० |

### प्रहरी प्रशासन

| | |
|---|---|
| जिल्ला प्रहरी कार्यालय | ५२०१५५ |
| जिल्ला प्रशासन कार्यालय | ५२०१०५ |
| सशस्त्र प्रहरी बल सीमा सुरक्षा कार्यालय | ५२०५४४ |
| वडा प्रहरी कार्यालय, पुल्चोक | ५७११४६ |
| जिल्ला ट्राफिक कार्यालय | ५२४८९९ |
| इलाका प्रहरी कार्यालय, गैंडाकोट | ५०११९९ |
| विद्युत प्राधिकरण, भरतपुर | ५२०१६६ |
| भरतपुर महानगर | ५२१४६७ |
| रामग्राम नगरपालिका | ५२०१९३ |
| रत्ननगर नगरपालिका | ५६०३४३ |

### पत्रपत्रिका/सञ्चार

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ, चितवन | ५३२६५० |
| नेपाल पत्रकार महासंघ नवलपरासी | ५२०४७९ |
| रेडियो साइनो एफ.एम. | ९८४४१३४३०० |
| सिनर्जी एफ.एम. | ५२६९१६ |
| कालिका एफ.एम. | ५२७१५८ |
| विजय एफ.एम. | ५०१४०४ |
| हाम्रो एफ.एम. | ५३२९९६ |
| कान्तिपुर दैनिक | ५३१३०० |
| चितवन पोष्ट दैनिक | ५९५६२१ |
| अन्नपूर्ण पोष्ट | ५२४५९८ |
| कायाकैरन दैनिक | ५३३१६६ |

पत्रिका मागेर हैन किनेर पढने बानी बसालौं।

## साप्ताहिक राशीफल

न्यूजप्रवाह Newsprabah weekly साप्ताहिक

- ज्यो.प. नारायणप्रसाद ढुलाल
मो. ९८४९५५९५०२

**मेष** — यो साता धर्मकर्म तथा समाज सेवामा मन लाग्नेछ। शेयर बजार तथा आर्थिक कारोबारमा सफलता मिल्नेछ। टाढा रहेका साथीभाइहरूसँग मनोरञ्जक भेटघाट हुनेछ। नजिकको व्यक्तिको सहयोगबाट कार्य पुरा हुनेछ।

**वृष** — यो साता प्यारो साथी सँग भेट हुनेछ। रमाइलो यात्राको योग रहेको छ। साथी भाइको भेटघाटले मन प्रफुल्ल रहला। एउटै कामबाट दोहोरो लाभ मिल्नेछ। प्रेम प्रस्तावसमेत प्राप्त हुनसक्छ। विपरीत वर्ग प्रति आकर्षण बढनेछ।

**मिथुन** — यो साता रमणीय, सुखद र धार्मिक यात्राको योग छ। इष्टमित्र एवं साथीभाइहरूसँग भेटघाट हुनेछ। सामाजिक कार्यमा रुचि बढनेछ। शुभकार्यको चर्चा पनि चल्नेछ। मध्य सातामा मन खिन्न हुने स्थिति आउनेछ र बढी धन खर्च होला।

**कर्कट** — यो साता नसोचेको ठाउँबाट धनागम हुनेछ। आज धार्मिक कार्यमा रुचि बढनेछ। शेयर बजारको लगानी र कारोबारमा सफलता मिल्नेछ। विशिष्ट व्यक्तिको सहयोग पाइनेछ। जुक्ति र बुद्धिको प्रयोगले समस्या सुल्झाउन सकिनेछ।

**सिंह** — रोकिएका काम पुनः सुरु हुन सक्छन। कार्य सम्पादनमा सहजता मिल्नेछ। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ र शुभ कार्यको योजना समेत बन्नेछ। साताको उत्तरार्ध बाट नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। गरेका काममा पनि ढिलासुस्ती हुने देखिन्छ।

**कन्या** — यो साता रमणीय र सुखद यात्राको योग छ। कहीँकतैबाट कुनै उपहार प्राप्त होला। नजिकको मित्रसँग भेटघाट हुनेछ। नयाँ वस्त्र तथा अलंकार प्राप्ति हुनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ।

**तुला** — यो साता शैक्षिक क्षेत्रमा प्रगतिको खबर सुन्न पाउनु हुनेछ। नयाँनयाँ व्यक्तिसँग भेटघाट हुने छ। मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ। साताको मध्यमा मन खिन्न हुने स्थिति आउनेछ। आर्थिक कारोबारमा मन्दी आउनेछ। यो साताका लागि शुभ अङ्क २,५ र शुभ रङ्ग पहेँलो वा सेतो हो।

**वृश्चिक** — आफूलाई कमजोर भएको अनुभूति हुनेछ। महत्तवपूर्ण कार्यमा व्यवधान आइपर्ला। ताके अनुरूप काम नबन्नाले दिक्क लाग्नेछ। साताको उत्तरार्ध बाट नयाँ वस्त्र, अलङ्कारको प्राप्ति हुनेछ। साझेदारीको कार्यबाट राम्रो प्रतिफल प्राप्त मिल्नेछ। महिला वर्गबाट विशेष सहयोग मिल्नेछ।

**धनु** — यो साता नयाँ कार्यको थालनी हुनेछ। अधुरा र रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुन सक्नेछ। रोकिएको काम दोहोर्याएर गर्दा फाइदा हुनेछ। अरूलाई प्रभावित पारेर काम बनाउन सकिनेछ। सहयोगीहरूले काममा साथ दिनेछन।

**मकर** — शुभ समाचार सुन्न पाइएला। छोटो दुरीको लाभदायक यात्रा हुनेछ। उन्नति एवं प्रगतिको वातावरण बन्नेछ भाग्यले विभिन्न अवसर जुराउनेछ। मन अध्यात्म र दर्शनतर्फ आकर्षित बन्नेछ।

**कुम्भ** — यो सातामा नयाँ कार्यको प्रारम्भ गर्न सकिनेछ। माया प्रेममा आत्मियताको बढोत्तरी हुनेछ। रोकिएका काम पुनः सुरु हुन सक्छन। पारिवारिक भेटघाट हुनुका साथै इस्टमित्रहरूसँग पनि मेलमिलाप हुनेछ।

**मिन** — यो साता नयाँ योजना कार्यान्वयनमा ल्याउन मुस्किल पर्ला। निर्णायक क्षमतामा कमी आउनेछ। भोजभतेरमा सामेल हुँदा स्वास्थ्यको ख्याल गर्नुहोला। मध्य साताबाट भने लामो समयदेखि प्रतीक्षा गरिएको काम पूरा हुनेछ। शुभकार्यको चर्चा चल्नेछ।

## निजी क्षेत्रका लागि बजेट सकारात्मक
# कार्यान्वयनमा लैजानुपर्नेमा व्यवसायीहरुको जोड

भरतपुर। सरकारले आर्थिक वर्ष २०८३-८४ का लागि सार्वजनिक गरेको बजेटपछि यहाँका उद्योगी व्यवसायीले बजेट सकारात्मक रहेको प्रतिक्रिया दिएका छन्। उद्योगी व्यवसायीसँगै पेसाकर्मी पनि बजेटबाट लाभान्वित भएका सरोकार भएकाहरूले भन्दै खुसी व्यक्त गरेका हुन्।

उद्योगलाई लक्षित गरी सरकारले भन्सार दर घटाउने, अन्तःशुल्क हटाउनेलगायत नीति लिएसँगै प्रत्यक्षरूपमा उद्योगी व्यवसायी लाभान्वित भएका उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुमनकुमार श्रेष्ठले बताए। व्यक्तिगत करमा ठूलो राहत मिलेको छ। वार्षिकरूपमा रु छ लाखबाट बढाएर १० लाख रुपैयाँ आम्दानी हुनेलाई न्यून कर दायरामा ल्याउनु सकारात्मक रहेको उनले प्रतिक्रिया दिए।

अधिकतम आयकर दर ३९ प्रतिशतबाट २९ प्रतिशतमा ल्याइँदै गर्दा यहाँका चिकित्सक, इञ्जिनियरलगायत ठूलो आम्दानी गर्ने पेसाकर्मी प्रत्यक्ष लाभान्वित भएका श्रेष्ठको भनाइ छ। उनले अन्तःशुल्क ३६० प्रकारका वस्तुमा हटाउने र उद्योगका लागि कर प्रणाली सरल बनाउने प्रयास स्वागतयोग्य भएको बताए।

यो बजेटबाट बजारमा उपभोग र माग बढ्ने सम्भावना देखिएको भन्दै उनले बैंकिङ, अटोमोबाइल र घरजग्गा कारोबारी लाभान्वित हुने महासंघका केन्द्रीय सदस्य श्रेष्ठले धारणा राखे।



देवघाटलगायत धार्मिक क्षेत्रको प्रवर्द्धन र भरतपुर विमानस्थल विस्तार गरी रात्रिकालीन उडान गर्दा यहाँको पर्यटन क्षेत्रमा सकारात्मक प्रभाव पर्ने उनको बुझाइ छ।

बागमती प्रदेश उद्योग परिसंघका अध्यक्ष त्रिलोचन कँडेलले यो बजेटबाट उत्पादनको लागत घट्ने, केही वस्तु सस्तो हुने र घरेलु उद्योग प्रतिस्पर्धी बन्ने बताए। दुई सय ७३ औद्योगिक कच्चापदार्थमा भन्सार दर घट्नु र तयारी वस्तुभन्दा कच्चापदार्थ सस्तो हुनुले यहाँका उद्योग प्रत्यक्ष लाभान्वित हुने उनले उल्लेख गरे।

परिसंघका अध्यक्ष कँडेलले भने, 'यो बजेटसँगै उद्योग सञ्चालनमा लागत घट्ने छ।' उत्पादन तथा निर्यात बढ्नसक्ने र पुँजीबजारमा सुधार आउने उनको भनाइ छ।

उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष राजन गौतमले हालसम्मकै सबैभन्दा उत्कृष्ट बजेट आएको भन्दै यसले आमनागरिकको जीवनस्तरमा सकारात्मक प्रभाव पार्ने धारणा राखे। पहुँचका आधारमा आफ्नो क्षेत्रकेन्द्रित बजेट वितरण नगरिएको बताउँदै उनले आवश्यकताका आधारमा बजेट विनियोजन गरिएकाले समग्र नेपाली प्रत्यक्ष लाभान्वित हुने प्रतिक्रिया दिए।

बजेटले कृषि क्षेत्रलाई समयानुकूल प्रोत्साहन दिएको पूर्वअध्यक्ष गौतमको भनाइ छ। उनले दुई करोड रुपैयाँसम्म लगानी गर्ने किसानलाई ४० प्रतिशत अनुदान दिइएको जनाउँदै यसले कृषिमा व्यवसायीकरण बढ्ने, खाद्य सुरक्षामा सुधार हुने बताए। उनले भने, 'यो बजेटले ग्रामीण अर्थतन्त्रलाई सक्रिय बनाउँछ।'

बजेटले सबै क्षेत्रलाई सम्बोधन गर्न सकेको भन्दै अब सरकारले सोहीअनुरुप कार्यान्वयनमा लैजानुपर्नेमा पूर्वअध्यक्ष गौतमले जोड दिए। यसअघिका वर्षमा पनि बजेट सकारात्मक हुँदाहुँदै पनि अस्थिर सरकारका कारण कार्यान्वयन पक्ष फितलो भएको भन्दै उनले अब यो समस्या नआउने विश्वास व्यक्त गरे।

च्याम्बर अफ कमर्स चितवनका अध्यक्ष गोपाल भट्टराईले बजेट आशावादी र तुलनात्मकरूपमा सकारात्मक रहेको प्रतिक्रिया दिए। उनले बजेटले मध्यमवर्गलाई सम्बोधन गरेको भन्दै उद्योगी व्यवसायी पनि लाभान्वित भएका बताए। उनले भने, 'बजेट सकारात्मक छ, कार्यान्वयन पक्ष सबल बन्छ भन्ने हामी विश्वस्त छौं।'

## अङ्कुरम् एकेडेमीले बृहत् साइकल र्‍याली गर्दै

भरतपुर। विश्व साइकल दिवस तथा विश्व वातावरण दिवस-२०२५ को अवसरमा भरतपुर-७, कृष्णपुरस्थित अङ्कुरम् एकेडेमीको आयोजनामा आज बृहत् साइकल र्‍यालीको आयोजना हुँदैछ।

'वातावरण, स्वास्थ्य र पर्यापर्यटनका लागि साइकल' भन्ने अभियान-लाई प्रवर्द्धन गर्दै साइकल संस्कृतिको विकासमा टेवा पुर्‍याउने उद्देश्यले आयोजना हुने उक्त र्‍यालीमा शिक्षक, अभिभावक, विद्यार्थी तथा विभिन्न संघसंस्थाका प्रतिनिधिको सहभागिता रहने अपेक्षा गरिएको छ।




अङ्कुरम् एकेडेमी तथा चितवन साइकल साइडर्स क्लबको अयोजना तथा उद्योग वाणिज्य संघ-चितवनको प्रवर्द्धनमा आयोजना हुने उक्त र्‍यालीमा एलाइभ हस्पिटल एण्ड ट्रामा सेन्टरको चिकित्सा सहायता तथा डीआर साइकलको प्राविधिक सहयोग रहने विद्यालयले जनाएको छ।

अङ्कुरम् एकेडेमीदेखि वनदेवी गेट, बिसहजारी ताल, बाटुली पोखरी, छितामाई हुँदै एलटिके फार्म एण्ड रिट्रिटसम्म २५ किलोमिटरको दुरीमा र्‍यालीको आयोजना गरिएको छ। चितवनका प्रमुख जिल्ला अधिकारी गणेश अर्यालको प्रमुखआतिथ्यता रहने कार्यक्रममा जिल्लास्थित सुरक्षा निकायका प्रमुखहरूलाई पनि आमन्त्रण गरिएको क्लबका अध्यक्ष पदमबहादुर बानियाँले जानकारी दिए।

साइकल र्‍यालीका सहभागीलाई टी-सर्ट तथा सहभागिताको प्रमणपत्र प्रदान गरिने र उक्त कार्यक्रममा सहभागी हुनका लागि अनलाइनमार्फत नाम दर्ता गर्नुपर्ने प्राबधान रहेको छ।













